भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

# नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावनाः** पशुपन्छी तथा मत्स्य व्यवसायको व्यावसायिक फार्मको स्थापना तथा सुदृढीकरण कार्यक्रम सञ्चालनबाट पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गर्न तथा प्रदेश सरकार प्रदेश नं ५ को नीति तथा कार्यक्रमको बुँदा नं. ६१ लाई समेत आधार मानि प्रदेश सरकार प्रदेश नं ५ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले "नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरी लागू गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नामः "नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ख) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं.५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले " नीजि व्यावसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यविधि, २०७५" सम्झनुपर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले नीजि व्यावसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम सम्झनुपर्छ।

(च) "नीजि फार्म" भन्नाले व्यक्तिगत वा सामुहिक लगानीमा स्थापना गरिएको पशुपन्छी तथा मत्स्य फार्म सम्झनुपर्छ ।

३. उद्देश्यहरुः कार्यविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछन्।

(क) नीजि फार्महरुको सुदृढीकरण मार्फत पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

(ख) जैविक सुरक्षा अवलम्वन गरी उत्पादन लागत कम गर्ने ।

(ग) प्रदेश सरकारको नीजि फार्म निर्माण तथा सुदृढीकरण गर्ने नीति तथा कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले सञ्चालन गर्ने ।

(घ) कृषकहरुलाइ व्यवसायिमुखी बनाइ रोजगार प्रर्वद्धनमा सहयोग पुर्याउने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन सम्बन्धी

४. कार्यक्रम सञ्चालन विधिः कार्यक्रम सञ्चालन प्रकृया देहायबमोजिम हुनेछ।

(क) नीजि फार्म स्थापना र सुदृढीकरण कार्यक्रम सञ्चालनको लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्महरुलाई लक्षित गरी राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी अनुसूची १ बमोजिम प्रस्ताव माग गर्नेछ ।

(ख) सुचना प्रकाशन पश्चात अनुसूची ३ अनुसारको निवेदन सहित व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्महरुले सम्वन्धित निकायको अनुसूची २ बमोजिम सिफारीस सहित अनुसूची ३ को ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ग) प्राप्त प्रस्तावहरु अनुसूची ४ अनुसार मूल्यांकन गरी प्रस्तिस्पर्धाको आधारमा छनौट गरिनेछ ।

(घ) नीजि फार्म स्थापना र सुदृढीकरणको लागि लागत मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराईनेछ ।

(ङ) छनौट भएका निकायलाइ अनुसूची ५ वमोजिम सम्झौता गरिनेछ ।

(च) फार्म निमाण तथा सुदृढीकरण कार्यक्रम सञ्चालनको लागि विज्ञ केन्द्रबाट प्राप्त अनुदान विवरणलाई सम्बन्धित अनुदानग्राहीले सार्बजनिकीकरण गर्नुपर्नेछ ।

५. व्यवसायिक फार्मको वर्गिकारण र अनुदान रकमः व्यावसायिक फार्महरुको बर्गीकरण र अनुदान रकम तालिका १ बमोजिम हुनेछ।

तालिका १.

| क्र स | विवरण | पशु विवरण | न्यूनतम माउ पशु सख्या | | अधिकतम अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | तराइ | पहाड | | |
| १ | नीजि व्यवसायिक गाई भैसी फार्म स्थापना तथा सुदृढीकरण | गाई | २० | १० | २००००० | ५०% अनुदान ग्राही वाट |
| | | भैसी | १५ | ५ | २००००० | |
| २ | नीजि व्यवसायिक बगुर भैसी फार्म स्थापना तथा सुदृढीकरण | बंगुर | २० | १० | १००००० | |
| ३ | नीजि व्यवसायिक वाख्रा फार्म स्थापना तथा सुदृढीकरण | बाख्रा | १०० | ५० | १००००० | |

६. <u>मूल्याङ्कन समितिः</u> प्राप्त प्रस्तावहरुको मूल्यांकनको लागि देहायबमोजिमको मूल्याकन समिति रहने छ।

(क) प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र — सयोजक

(ख) अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय — सदस्य

(ग) अधिकृतस्तर प्रतिनिधि कृषि ज्ञान केन्द्र — सदस्य

(घ) पशु चिकित्सक, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र — सदस्य

(ङ) पशु विकास अधिकृत, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र — सदस्य सचिव

नोटः निर्णय प्रक्रियामा आवश्यकता परेमा समितिले वढीमा ३ जना सम्म सम्वन्धित विषयको विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछन् ।

७. भुक्तानी विधि: (१) सम्झौता पश्चात कुल अनुदान रकमको २० प्रतिशत नवढ्ने गरी पेश्की स्वरुप नियमानुसार अनुदान ग्राहीको खातामा चेक मार्फत रकम जम्मा गरिनेछ।

ख) स्थलगत अनुगमन पश्चात मिल्क एनालाईजर खरिद गरेको मूल्य अभिवृद्धि कर सहितको बिल पेश गरेपछी मात्र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले प्रचलित कानुन वमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी भुक्तानी गर्नेछ।

८. अनुदान रकमको उपयोग: यस कार्यक्रमबाट उपलव्ध हुने रकमबाट व्यवसायीले गाइ, भैसी, बाख्रा र बंगुरको गोठ निमाण सुधार जैविक सुरक्षाको लागि फन्सिङ डिपिङ ट्यांक निमाण घास विकास तथा नर्सरी स्थापना कृतिम गर्भाधान व्यवसथापन वा आवश्यक उपकरण खरिद तथा ढुवानीमा उपयोग गर्न सक्नेछन । यो रकमबाट पशुको दाना औषधी खनिज पदार्थ लगायतका खपत हुने सामाग्रीहरु खरिद गर्न पाइने छैन । बिस्तृत क्रियाकलापहरु सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

९. आर्थिक प्रशासन सेवा: कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि २०७५, तथा प्रचलित कानूनबमोजिम हुनेछ।

१०. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था: यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र र विज्ञ केन्द्रले तोकेको निकाय वा कार्यालयहरुले गर्नेछन् । यस कार्यक्रममा सहभागी व्यवसायिक पशुपालक कृषक वा फार्मले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु तोकिएको निकाय वा कार्यालय मार्फत निर्देशनालयमा पठाउनु पर्नेछ ।

**११. थपघट वा हेरफेर गर्न सक्ने:** (१) यस कार्यविधिको कार्यान्वयनलाई थप व्यविस्थत र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

७. <u>भुक्तानी विधि:</u> (१) सम्झौता पश्चात कुल अनुदान रकमको २० प्रतिशत नवढ्ने गरी पेश्की स्वरुप नियमानुसार अनुदान ग्राहीको खातामा चेक मार्फत रकम जम्मा गरिनेछ।

ख) स्थलगत अनुगमन पश्चात मिल्क एनालाईजर खरिद गरेको मूल्य अभिवृद्धि कर सहितको बिल पेश गरेपछी मात्र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले प्रचलित कानुन वमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी भुक्तानी गर्नेछ।

८. <u>अनुदान रकमको उपयोग:</u> यस कार्यक्रमबाट उपलव्ध हुने रकमबाट व्यवसायीले गाइ, भैसी, बाख्रा र बंगुरको गोठ निमाण सुधार जैविक सुरक्षाको लागि फन्सिङ डिपिङ  ट्यांक निमाण घास विकास तथा नर्सरी स्थापना कृतिम गर्भाधान व्यवसथापन वा आवश्यक उपकरण खरिद तथा ढुवानीमा उपयोग गर्न सक्नेछन । यो रकमबाट पशुको दाना औषधी खनिज पदार्थ लगायतका खपत हुने सामाग्रीहरु खरिद गर्न पाइने छैन । बिस्तृत क्रियाकलापहरु सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

९. <u>आर्थिक प्रशासन सेवा:</u> कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि २०७५, तथा प्रचलित कानूनबमोजिम हुनेछ।

१०. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:** यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र र विज्ञ केन्द्रले तोकेको निकाय वा कार्यालयहरुले गर्नेछन् । यस कार्यक्रममा सहभागी व्यवसायिक पशुपालक कृषक वा  फार्मले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु तोकिएको निकाय वा कार्यालय मार्फत निर्देशनालयमा पठाउनु पर्नेछ ।

**११. थपघट वा हेरफेर गर्न सक्ने:** (१) यस कार्यविधिको  कार्यान्वयनलाई थप व्यविस्थत र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको  कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने  प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

सचिव

अनुसुची १

प्रदेश सरकार

प्रदेश नं.५

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ....................

## नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रमको लागि सूचनाको ढाँचा

प्रदेश सरकार, प्रदेश नं. ५, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय, भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र .....................को आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार सहकार्य/साझेदारीमा नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण गर्न इच्छुक व्यावसायीक पशुपालक कृषक वा व्यवसायिक फार्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लिखत कागजातहरु संलग्न गरी यस मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची ३ अनुसारको निवेदन ढाँचा ।
२. अनुसुची २ अनुसारको सिफारिस पत्र
३. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था,फर्म,व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाणित प्रतिलिपि
४. नियमानुसार दर्ता भएका प्रस्तावकहरुले अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र करचुक्ता दाखिलाको प्रमाणित प्रतिलिपी ।
५. प्रस्तावित गोठ निमाणको लागत ईष्टिमेट
६. विमा गरिएका पशुहरुको विवरण र विमा अभिलेखको फोटोकपी
७. विगत २ आर्थिक वर्ष भित्र अन्य सरकारी निकायहरुवाट सोही प्रकृतिको वस्तुगत तथा नगद अनुदान नलिएको प्रतिबद्धता पत्र ।
८. प्रस्ताव छनौट भएको खण्डमा आफ्नो तर्फबाट खर्च गर्नु पर्ने रकमको प्रतिवद्धता
९. नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम सम्वन्धी कार्यविधि अनुसूची एंव वृस्तित विवरण भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सुचना पाटी तथा तोकिएको वेभसाइटमा हेर्न सक्नु हुनेछ।

अनुसूची २

प्रदेश सरकार

प्रदेश नं. ५

भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

..............................................कार्यालयको सिफारिस पत्र

प्रदेश सरकार, प्रदेश नं. ५ भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र को मिति ..................... को राष्ट्रिय दैनिकमा ........................ मा प्रकाशित सूचना अनुसार जिल्ला ........................ गाउँपालिका/नगरपालिका .................. वडा ...................... सञ्चालित ..............................................................व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्मले सहकार्यमा नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरणका लागी तहाँ केन्द्रमा सिफारिसका लागी निवेदन दिनु भएको छ । उक्त निवेदन उपर कारवाही हुँदा निवेदक व्यवसायिक पशुपालक कृषक वा व्यावसायिक फार्मले प्रस्ताव गरेको अनुसारको पशुपालन र घाँसखेती गरेको तथा फर्मले थप गर्नु पर्ने रकमको व्यवस्था गर्न समेत सक्षम रहेको र हालसम्म कुनै अनुदान रकम नलिएको हुनाले नियमानुसार सहकार्यमा नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रममा सहभागी गराउनु हुन सिफारिस सहित अनुरोध छ ।

क. पशुपालन तथा घाँस लगाएको क्षेत्रफल सम्बन्धी विवरण

| | पशुको किसिम | माउ<br>गाई/भैसी/बाख्रा/बंगुर | कोरेली<br>बाच्छी/पाडी/ | बाच्छा वाच्छी/पाडा<br>पाडी/पाठा पाठी |
|---|---|---|---|---|
| क | संख्या | | | |
| | विमा गरिएका पशु संख्या | | | |
| ख | घाँसको नाम | | | |
| | घाँस लगाएको क्षेत्रफल - हेक्टर_ | | | |

कार्यालय प्रमुख

नामः

पदः

दस्तखतः कार्यालयको छापः

अनुसूची ३

प्रदेश सरकार

प्रदेश नं. ५

भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बुटवल

पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र..........................

नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम लागी आबेदन फारमको ढाँचा

मितिः

श्रीमान कार्यालय प्रमुख ज्यू

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

....................................

विषयः सहकार्यमा नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यमा सहभागी हुने वारे ।

महोदय,

प्रदेश सरकार, प्रदेश नं. ५ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट मितिः .................. को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार म/हामीलाई सहकार्यमा........................ पालन तर्फ नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण गर्न इच्छा भएकोले उक्त कार्यमा सहभागी हुन पाउँ भनि निम्न विवरण खोली यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

१. व्यवसायिक पशुपालक कृषक वा व्यवसायिक फर्मको नामः

२. कृषकको नामः

३. ठेगाना

क) जिल्लाः ख) गाउँपालिका/नगरपालिकाः

ग) वडा नः

४. पशु संख्या तथा घाँस लगाएको क्षेत्रफल सम्वन्धि विवरण

५. पालिएका सवै पशुहरुको बिमा गरिएको/नगरिएको

६. गोठ/खोरको अवस्थाः परम्परागत/सुधारिएको

७. बार्षिक कारोबारः

८. सम्बन्धित विषयमा तालिम लिएको/नलिएको:

९. सम्बन्धित कार्यालयको सिफारिस

१०. सम्पर्क व्यक्तिको नाम:

११. सम्पर्क नम्बर:

१२. दस्तखत:

१३. संस्थाको छाप

अनुसूची ४

प्रदेश सरकार

प्रदेश नं. ५

भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय, वुटवल

पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र.....................

नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम
प्रस्ताव छनौटका लागी मुल्याङ्कनका आधारहरुः

| क्रस | विवरण | पूर्णांकं | अंक प्रदान आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | प्रस्तावको प्रस्तुतिको ढाँचा | १० | आंशिक भरीएको १ देखि ५ अंक<br>पूर्ण भरीएको ६ देखि १० अंक | |
| २ | संस्थाको स्थापना वर्ष | ५ | ० वर्षसम्म १ अंक<br>१ वर्षसम्म २ अंक<br>१ देखि २ वर्षसम्म ३ अंक<br>३ वर्ष भन्दा माथी ५ | |
| ३ | तराइमा गाई पालनको लागि | २५ | २० दुधालु पशु १२ अंक<br>२१ देखि २९ दुधालु पशु १९ अंक<br>३० देखि माथी दुधालु पशु २५ अंक | |
| ३.१ | पहाडमा गाई पालनको लागि | | १० दुधालु पशु १२ अंक<br>११ देखि १५ दुधालु पशु १९ अंक<br>१६ देखि माथी दुधालु पशु २५ अंक | |
| ३.२ | तराइमा भैसी पालनको लागि | | १५ दुधालु पशु १२ अंक<br>१६ देखि २० दुधालु पशु १९ अंक<br>२१ देखि माथी दुधालु पशु २५ अंक | |
| ३.३ | पहाडमा भैसी पालनको लागि | | ५ दुधालु पशु १२ अंक<br>६ देखि ८ दुधालु पशु १९ अंक<br>९ देखि माथी दुधालु पशु २५ अंक | |
| ३.४ | तराइमा बाखा पालनको लागि | | १०० माउ बाखा १२ अंक<br>१०१ देखि १२० माउ बाखा | |

| | | | | |
|---|---|---|---|---|
| | | | १९ अंक<br>१२१ देखि माथी माउ बाख्रा<br>२५ अंक | |
| ३.५ | पहाडमा बाख्रा पालनको लागि | | ५० माउ बाख्रा १२ अंक<br>५१ देखि ५९ माउ बाख्रा<br>१९ अंक<br>६० देखि माथी माउ बाख्रा<br>२५ अंक | |
| ३.६ | तराईमा बंगुर पालनको लागि | | २० माउ बंगुर १२ अंक<br>२१ देखि २९ माउ बंगुर १९ अंक<br>३० देखि माथी माउ बंगुर<br>२५ अंक | |
| ३.७ | पहाडमा बंगुर पालनको लागि | | १० माउ बंगुर १२ अंक<br>११ देखि १५ माउ बंगुर १९ अंक<br>१६ देखि माथी माउ बंगुर<br>२५ अंक | |
| ४ | घांसलगाएको क्षेत्रफल | २० | १५ देखि २० कठ्ठा ५ अंक<br>२१ देखि ४० कठ्ठा १० अंक<br>४१ देखि ६० कठ्ठा १५ अंक<br>६१ कठ्ठा भन्दा माथी २० अंक | |
| ५ | पशु विमाको अवस्था | २० | ५० प्रतिशत माउ पशुमा विमा ७ अंक<br>५१ देखि ७५ प्रतिशत माउ पशुमा विमा १२ अंक<br>७६ प्रतिशत भन्दा वढी माउ पशुमा विमा २० अंक | |
| ६ | गोठ/खोरको अवस्था | ५ | पराम्परागत ३ अंक<br>सुधारिएको ५ अंक | |
| ७ | संवन्धित संस्थाबाट सिफारिस | ५ | नभएको ० अंक, भएको ५ अंक | |
| ८ | प्रस्तावित खोर | १० | भएको १० अंक, आँशिक भएको: ५ अंक | |

| | | | | |
|---|---|---|---|---|
| | निमाणको लागत ईष्टिमेट संलग्न | | नभएको ० अंक | |
| | | १०० | | |

अनुसूची ५

प्रदेश सरकार

प्रदेश नं. ५

भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बुटवल

पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र..............................

व्यवसायिक पशुपालक कृषक वा व्यवसायिक फार्महरुसँगको सम्झौता पत्रको ढाँचा

प्रदेश सरकार, प्रदेश नं. ५ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...................... (यसपछि प्रथम पक्ष भनिने) को बार्षिक कार्यक्रम अनुसार सहकार्यमा नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न र श्री ................ .................................................................................. (यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरुमा मञ्जुर भई द्विपक्षिय सम्झौता सम्पन्न भयो ।

तपशिलः

(१) प्रस्तावित नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण .................... जिल्ला .................. गाउँपालिका/ नगरपालिका/उपमहानगरपालिका ......... वडा न. मा मिति .................. सम्ममा सम्पन्न गरिनेछ ।

(२) प्रथम पक्षले नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरणको लागि लागत ईष्टिमेटको बढीमा ५०% वा वढिमा रु...................... (अक्षरेपी .............................................) मध्ये जुन रकम कम हुन्छ सोही अनुसार अनुदान प्रदान गर्नेछ । दोश्रो पक्षबाट लागत अनुमानको कम्तिमा ५० % रकम बराबरको योगदान गर्नु पर्ने छ । अन्य नपुग रकमको व्यवस्था पनि दोस्रो पक्षले व्यहोर्नु पर्ने छ ।

(३) दोश्रो पक्षले नीजि व्यवसायिक फार्म स्थापना तथा सुदृढीकरण कार्य सम्पन्न गरी बिल भरपाईहरु तथा कार्य प्रगति प्रतिबेदन बुझाए पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गरि मनासिब ठहरेमा मात्र सम्झौता मुताबिकको रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ ।

(४) प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ । सम्झौता मुताबिक कार्य नभएमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग भएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा

सम्झौता भङ्ग गरि दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

(५) सहकार्यमा निर्माण गरिएको नीजि व्यवसायिक फार्म ५ वर्ष सम्म विगार्न वा अन्य प्रयोगमा ल्याउन पा छैन ।

(६) दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सवैले देखे गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी बोर्ड राख्नु पर्नेछ ।

(७) सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित नियम, कानून र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालय | कार्यालय |
| | |
| साक्षीः | साक्षी : |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालय | कार्यालय |

इति सम्बत........................साल......................महिना...............गते रोज ..............शुभम् ।